# सुन्दरहैँचा नगरपालिका

## नगर कार्यपालिकाको कार्याल

विराटचौक, मोरङ
प्रदेश नं. १, नेपाल

## भौतिक पूर्वाधारको अवलोकन प्रतिवेदन

आ.ब. २०७८/०७९

## १. नगर परिचय :

मोरङ जिल्लाको सदरमुकाम विराटनगर देखि करिब १४ किलोमिटरको दुरीमा अबस्थित सुन्दरहरैँचा नगरपालिकाको पूर्वमा बेलबारी नगरपालिका, पश्चिममा सुनसरी जिल्ला ईटहरी उपमहानगरपालीका, उत्तरमा केरावारी गाउँपालिका तथा दक्षिणमा ग्रामथाम गाउँपालिका र बुढिगगा गाउपालिकां पर्दछ । २०७३ साल फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णयले यस नगरपालिकाको गठन भएको हो । कुनै बेला हरैँचा मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भन्ने भनाई रहेको छ । सुन्दरदुलारी नगरपालिका र कोसीहरैँचा नगरपालिकालाई मिलाएर सुन्दरहरैँचा नगरपालिकाको गठन भएको हो । समथर भौगोलिक अबस्थिती ,उर्बरजमीन भूबनोट, सन्तुलित बाताबरण,अनुकुल हावा पानी आदिका कारण मोरङ जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरूमा बिकासका प्रचुर सम्भावना बोकेको नगरपालिकाको रूपमा यसलाई अवल नगरपालीकाको दृष्टिकोणबाट हेर्ने गरीन्छ । यसका अतिरिक्त सचेत राजनैतिक दल, श्रृजनसील नागरीक समाज र उत्प्रेरीत नगरवासी  दीगो विकास प्रेरणका भरपर्दा श्रोत रहेका छन् ।  १२ वटा वडामा बिभाजित यो नगरपालिका अर्धसहरी क्षेत्रको रूपमा रहेको  आर्थिक गतिविधीका लागि पुर्वाञ्चलका मुख्य बजार मध्येकै एक बजार क्षेत्रको रूपमा उदियमान सुन्दरहरैँचा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक रमणिय स्थल, सिमसार क्षेत्र ,आकर्षक र रमणिय वनक्षेत्र, धार्मिक तथा ऐतिहासिक तथा सामाजिक महत्व का क्षेत्रहरू रहेका छन् ।नगरमा औषत पारिवारीक आम्दानीमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो हिस्सा रहेको छ। नगरबासीको आम्दानीको अर्को मुख्य स्रोत व्यापार, कृषि तथा पशुपालन रहेको छ। परम्परागत कृषि व्यवसायको विकल्प खोजिरहेका नगरवासी आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढ्दोछ । नगरपालिका क्षेत्रभित्र रमणीय हसिना सिमसार, बुढिगंगाको किनारमा रहेको नयाँ वृन्द्रावन गौशाला,षेषनारायण, किचकगढी, बाघझोडा लयागत विभिन्न धार्मिक स्थल र अवलोकन गर्न लायक कृषि पशुपालन क्षेत्रले सबैलाई मनमोहक तुल्याउन सक्ने देखिन्छ । यस नगरक्षेत्र भएर बग्ने बुढीगंगा, गछिया, लोहन्द्रा खोला कटान र बाढिबाट हुने क्षति अभिषाप मात्र हैनकि नगरपालिकाको उर्बर कृषि क्षेत्रमा सिचाई सुबिधा उपलब्ध गर्न र नदिजन्य प्राकृतिक स्रोतको उपयोगबाट आन्तरीक आम्दानीको स्रोतवृद्धिका लागि प्रमुख आधार पनि हुन । यस नगरपालिकाको मध्यभागमा पर्ने विश्वविधालय क्षेत्र लगायतका स्थानहरू विकसित बजारमा परिणत हुदैँ गएका छन् । विकासका प्रशस्त सम्भावनाहरू बोकेको यो नगरपालिका  पूर्ण खोप सुनिश्चित, खुला दिशामुक्त, पूर्ण साक्षर  घोषणा भई सकेको छ।  आधारभूत देखि माध्यमिक शिक्षा  प्रदान गर्न सामुदायिक तथा संस्थागत शिक्षण संस्थाहरुको उतिकै योगदान रहेकोछ । उच्चशिक्षा प्रदानको लागि शुकुना क्याम्पसको योगदान नगरलाई मात्रहैनकी यस क्षेत्रकै योगदानमा महत्व राख्दछ । यस  नगरका शैक्षिक संस्थाहरूमा अध्ययनका लागि स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी पालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् भने उत्पादित जनशक्ति समेत आशा र भरोशा योग्य छ । पर्यात स्रोत अभाबका कारण यस नगरपालिकामा आन्तरिक तथा बाह्य बसाइसराईको क्रम तिव्ररूपमा बढिरहेको हुदाँ व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकासा, बिधुत बिस्तार,संचार बिस्तार गर्न चुनौती रहेको छ । यस नगरमा साना ठूला गरी करिब एक दर्जन भन्दा बढी प्राकृतिक तालतलैया रहेको छन् । उपलब्ध जलवायुको आधारमा बसोबासको लागि तराईका अन्य नगरहरू भन्दा उपयुक्त मानिन्छ । ग्रामिण क्षेत्रमासमेत कच्चि धुले तथा

ग्राभेल सडकहरूमात्र भएपनि सडक सञ्जाल  विकास भइसकेको हुदा शिक्षा, स्वास्थ्य जस्ता नागरीकका आधारभूत सुविधाहरू  अन्य नगरहरूको दाँजोमा सुलभ रहेको पाईन्छ। नगरका सहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमासमेत न्यूनतम सहरी शुबिधाका शहर उन्मुख बस्ती तिब्ररूपमा बिकास भइरहेको छ। शान्त र मनोरम वातावरण १ नं. प्रदेशको राजधानी विराटनगर सडक संजलाको दृष्टिकोणले सहज पहुच लगातका कारणले यो नगरपालिका नागरीकहरूको बसोवासको आकर्षण केन्द्रको रूपमा विकास हुँदै गएको छ।

आ.ब. २०७८/०७९ मा सम्पन्न भौतिक पूर्वाधारको अवस्था :-

# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचौक, मोरङ
**Biratchowk, Morang**
प्रदेश नं. १, नेपाल
**Province No. 1, Nepal**

F/Y प.सं.०७९/८० (योजना)
Ref/ च.नं. ८८५

मिति: २०७९/०५/०५ गते।

विषय:- आ.व. २०७८/७९ को पूर्वाधार बिकास तर्फको भौतिक प्रगती विवरण।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुन्दरहरैंचा नगरपालिका, मोरङ।

यस नगरपालिकाको आ.व. २०७८/७९ मा पूर्वाधार विकास तर्फको भौतिक प्रगति विवरण देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछु। साथै १२ वटा वडाका प्राविधिकहरुबाट प्राप्त विवरण यसै साथ संलग्न रहेको छ।

| सि.नं. | बिषय क्षेत्र | उप क्षेत्र | ईकाइ | हाल सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक | कालो पत्रे | कि.मी. | २.९५ | |
| | | ग्रावेल | कि.मी. | ४०.१४ | |
| | | पेवल | कि.मी. | ७.८९ | |
| | | एजिङ्ग | कि.मी. | १८.९७ | |
| २ | पुल | आर.सि.सि. कल्भर्ट | वटा | ४ | |
| | | ह्युमपाइप कल्भर्ट | वटा | २ | |
| | | मोटरेवल पुल | वटा | ३ | |
| ३ | खानेपानी तथा सरसफाई | ढल निर्माण | कि.मी. | ०.३०५ | |
| | | टयुबेल जडान | वटा | १८ | |
| | | धारा जडान | वटा | २७ | |
| | | शौचालय निर्माण | वटा | १ | |
| ४ | सिंचाई | पैनी कुलो निर्माण | कि.मी. | १.२४ | |
| | | वोरिङ जडान | वटा | १२ | |
| | | च्याम्बर | वटा | ३ | |

२०७९/५/५
अधिकृत छैठौं

"सुन्दरहरैंचा, विकासको बगैंचा,
विकासको आधार- कृषि, पर्यटन र पूर्वाधार"

PhoneNo.:- 021-545050, 545822,546822, Fax: - 021-545822, Fire Brigade: -021-545666, 021-546666
Website: www.sundarharaichamun.gov.np,Email: sundarharaichamun@gmail.com

# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
बिराटचौक, मोरङ
**Biratchowk, Morang**
प्रदेश नं.१, नेपाल
**Province No. 1, Nepal**


F/Y प.सं.०७९/८० (योजना)
Ref/ च.नं. ६२५

| | | | | | |
|---|---|---|---|---|---|
| | | एयर भेन | वटा | २ | |
| ५ | सार्वजनिक पुर्वाधार एवं भवन निर्माण | सामुदायिक भवन | वटा | ३४ | |
| | | मन्दिर | वटा | ६ | |
| | | कम्पाउन्ड वाल | वटा | ४ | |
| | | ग्राविन बक्स | वटा | १२ | |
| | | जेष्ठ नागरिक भवन | वटा | २ | |
| | | स्कुल भवन | वटा | ० | |
| | | सहकारी भवन टायल लगाउने कार्य | वटा | १ | |
| ६ | नदी नियन्त्रण | नदी नियन्त्रण | कि.मी. | १.६८ | |
| ७ | सार्वजनिक स्थल | खेलकुद मैदान | वटा | १ | |
| | | किस्ती शिवालय फिलिङ कार्य | वटा | १ | |
| ८ | बैकल्पिक उर्जा | सोलार बत्ती | वटा | ८३ | |
| | | व्यवसायिक सौर्य उर्जा | वटा | ० | |

नोटः- वडा नं. १२ को भैतिक प्रगति विवरणमा वडा नं.१२ का स.ई. ईश्वर कार्कीद्वारा मूल्याङ्कन गरीएको योजनाहरुको बिवरण मात्र संलग्न रहेको ।

**अवगतार्थ**

श्रीमान् नगरप्रमुख ज्यू :- सुन्दरहरैंचा न.पा., मोरङ।
श्रीमान् नगर उपप्रमुख ज्यू :- सुन्दरहरैंचा न.पा., मोरङ।

**बोधार्थ**

श्री प्रशासन शाखा :- सुन्दरहरैंचा न.पा., मोरङ।
श्री लिसा फोकल पर्सन :- सुन्दरहरैंचा न.पा., मोरङ।

२०७९/५/५
अधिकृत छैठौं

| तयार गर्ने | जाँच गर्ने |
|---|---|
| बिक्रम कार्की | लिला प्रसाद रिमाल |



PhoneNo.:- 021-545050, 545822,546822, Fax: - 021-545822, Fire Brigade: -021-545666, 021-546666
Website: www.sundarharaichamun.gov.np,Email: sundarharaichamun@gmail.com

## आ.ब. २०७८/०७९ सम्मको भौतिक अवस्था

| सि.नं. | कामको विवरण | संख्या/वटा | किलोमिटर |
|---|---|---|---|
| १ | कालोपत्रे/पेवल्स | ३३३ | १७७ किलोमिटर |
| २ | एजिङ | २९९ | १५३ किलोमिटर |
| ३ | पक्कि ड्रेन | ४६ | १३ किलोमिटर |
| ४ | ग्राभेल/स्तरोन्नती | ३५४ | २०० किलोमिटर |
| ५ | पुल/कल्भर्ट | ७७ | १ किलोमिटर |
| ६ | झोलुङगे पुल | ४ | ० |
| ७ | खोला तटबन्धन | ८३ | ११ किलोमिटर |
| ८ | घेराबेरा पैनी कुलो निर्माण | ६७ | १२.५ किलोमिटर |
| ९ | विद्युत विस्तारको क्रममा वितरण भएको पोलको संख्या | ३५०० | ० |
| १० | वितरण भएका ट्रान्समिटर | ५९ | ० |
| ११ | निर्माण भएको वडा कार्यालय भवन | २ | ३ वटा (निर्माणाधिन) |
| १२ | निर्माण तथा स्तरोन्नती भएका स्वास्थ्य संस्था भवन | १० | ० |
| १३ | निर्माण तथा स्तरोन्नती भएको सामुदायिक भवन | ६२ | ० |
| १४ | निर्माण भएका विद्यालय भवन | १८ | ० |
| १५ | सार्वजनिक शौचालय | ५ | ० |

सुन्दरहैंचा नगरपालिका, मोरङ